# राजदेवी नगरपालिका
# Rajdevi Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

राजदेवी, रौतहट
Rajdevi, Rautahat

मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

पत्र संख्या :- ०८०/०८१
चलानी नं. :-
प्राप्त प.सं./च.नं.

मितिः- २०८०/१०/२९
ने.स.११४४, सिल्लाथ्व,३ सोमवार

**प्रथम पटक प्रकाशित सूचना मिति २०८०/१०/२९ गते**

**विषयः- तरकारी पकेट कार्यक्रमको निरन्तरता संचलानको लागि प्रस्तावना आवहानको सूचना।**

उपरोक्त सम्बन्धमा राजदेवी नगरपालिका कृषि विकास शाखा राजदेवी रौतहटको चालु आ.व.२०८०/०८१ का लागि स्वीकृत सशर्त कार्यक्रम **"तरकारी पकेट कार्यक्रमको निरन्तरता"** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अर्न्तगत रहेको यस नगरपालिका क्षेत्रमा **"तरकारी पकेट कार्यक्रमको निरन्तरता"** ५० प्रतिशत अनुदानमा संचालन गर्नु परेकोले प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना निर्देशिका अनुसार राजदेवी नगरपालिका अन्तर्गत सक्रिय रुपमा संचालन भई रहेका ईच्छुक कृषि समूह/सहकारी/जल/वन उपभोक्ता समिति/कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०८०/११/१४ गते) भित्र यस राजदेवी नगरपालिकाको कृषि शाखामा तोकिएको ढाँचा (अनुसूची-१०) अनुसार आवेदन दर्ता गराउनुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै यस विषयमा थप जानकारीका लागि कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

**तपसिलः**

| क्र. सं. | कार्यक्रम | मापदण्ड | विनियोजित बजेट रकम रु.(हजारमा) | अनुदान सिमा | कार्य क्षेत्र |
|---|---|---|---|---|---|
| १ | आ.व.२०७९/०८०मा स्थापना भएको तरकारी पकेट कार्यक्रमको निरन्तरता | क्षेत्रफल २० हे.वा ३० विघाको १ पकेट क्षेत्र | ५००।- | विउ, मेशिनरी औजार तथा साना सिंचाईमा ५० प्रतिशत | राजदेवी नगरपालिका वडा नं. १ देखि ९सम्म |

**निवेदन साथ पेश गर्नु पर्ने कागजातहरुः-**

(१) अनुसूची-१० बमोजिमको आवेदन।
(२) वडाको सिफारिस।
(३) कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
(४) निवेदकको नागरिकता प्रमाण-पत्रको प्रतिलिपी।
(५) कार्य समितिको निर्णयको प्रतिलिपी।
(६) स्थाई लेखा नं. (पान नं.) को प्रतिलिपि।
(७) सम्वन्धित निकायमा कृषि समुह/सहकारी/संस्था/समिति/कृषि फर्म दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपी।
(८) कार्यकम संचालन हुने स्थान (जग्गा) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्भौतानामा।
(९) अध्यक्ष/प्रोपराईटरको नाम नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपि।

टोल फ्रि - १६६०५५५२०११, नगर प्रमुख - ९८५५०४७२५१, उप प्रमुख - ९८५५०४७२५२, प्र.प्र.अ - ९८५५०४७२५३
वेबसाईटः- www.rajdevimun.gov.np ईमेल- rajdevimata123@gmail.com ito.rajdevimun@gmail.com